# मुलुकी अपराध (संहिता) ऐन, २०७४[१] को मूलभूत विशेषता, संरचना र फौजदारी न्यायका सिद्धान्तहरु: एक छलफल

**प्रा.डा. रजित भक्त प्रधानाङ्ग**[✡]

## १.विषय प्रवेश

ज्ञान विज्ञान अनि प्रविधिले विकसित भई रहेको वर्तमान विश्वमा वुद्धि, विवेक एवं क्षमताका आधारमा प्राणी जगतकै सभ्य एवं चेतनशील मानिने हामी मानव जाती जस्को आफ्नै सामाजिक मूल्य, मान्यता, परिवेश एवं मानवीय व्यवहार छ, जुन मानवीय व्यवहारलाई सामाजिक रुपमा एकताको शुत्रमा बाधी गतिशिल परिवेश अनुकुल चलायमान बनाउनका निमित्त एकताको शुत्रको रुपमा बाधीँ सवैलाई समान रुपमा कार्यान्वयन हुने गरी निमार्ण गरिने दस्तावेज हो कानुन । जहाँ हामीले समाजमा देखाउने गरेका केही व्यवहारहरु जसलाई वर्तमान समाजले सामाजिक मूल्य मान्यताको विपरित हो भनी यसलाई नियन्त्रणको आवश्यकता महसुस गर्दै देशको जनप्रतिनिधीहरुको संस्था अर्थात विधायिका (संसद)को माध्यमद्वारा कानूनको निमार्ण गरी ती मानवीय व्यवहार, आचरणहरु जो समाजको लागि हानिकारक एवं अपाच्य हुन्छन तिनीहरुलाई रोक्नको निमित्त फौजदारी कानूनको निमार्ण गर्ने कार्य गरिन्छ ।

हामी मानव जाती वर्तमान एक्काईसौ शताव्दी अर्थात (Hi-Tec) को जमानाका व्यक्ति हौ भनी घमण्ड गरी रहदाँ, गतिशिल समाजमा, सामाजिक माग एवं चाहनाका साथै अपराध गर्ने तौर तरिकामा समेत फरकपना आउनाले फौजदारी कानूनको क्षेत्रमा यस्को सुधार एवं परिमार्जनलाई गहनतम जिम्मेवारीको रुपमा लिई समय सापेक्ष बनाइ कानुन एवं न्याय प्रणाली प्रति आम व्यक्ति तथा नागरीकहरुलाई विश्वस्त वनाउनु राज्यको अपरिहार्य, स्वाभाविक एवं नियमित कार्य हो । जसको निमित्त विश्वका जुनसुकै कानुन प्रणाली अंगालेका राष्ट्रहरुले कानूनको निमार्ण, सुधार, परिमार्जन साथै पुनरःलेखन गर्नुलाई एक गहनतम जिम्मेवारीको रुपमा लिएका हुन्छन् । जसलाई पछिल्लो समयमा हाम्रो देश नेपालमा पनि गहनतम जिम्मेवारीको रुपमा राज्यले लिएको पाउन सकिन्छ । जसको एक मात्र उद्धेश्य भनेको विधायिकाद्वारा निर्मित कानुनको माध्यमद्वारा समय सापेक्ष रुपमा सामाजिक परिवेश अनुकुलका मागलाई सम्वोधन गर्नु तथा देशमा भएको कानुनलाई सर्वस्वीकार्य बनाउनु रहेको छ ।

नेपालमा फौजदारी कानून र फौजदारी न्याय प्रशासनलाई समयानुकुल परिमार्जन र सुधार गर्नका निमित्त थुप्रै प्रयासहरू समय-समयमा हुँदै आएको भए तापनि आजका दिन सम्म मुलुकी ऐन,

---

✡ **एलएल. एम, पिएच.डि (फौजदारी कानून), वरिष्ठ अधिवक्ता तथा प्राध्यापक, नेपाल ल क्याम्पस, काठमाण्डौ ।**

[१] केही नेपाल कानुन संशोधन, एकीकरण, समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा २(क) ले यसलाई मुलुकी अपराध संहिता भनी नामाकरण गरिएको छ र मुलुकी संहिता संग सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ले यसलाई पुनः मुलुकी अपराध संहिता २०७४ भनी नामाकरण गरिएको छ ।

१९१० ले बोकेको परम्परागत धारणा भन्दा पर जान सकिरहेका छैनौं । हुनतः औपचारिक रुपमा फौजदारी कानूनमा फौजदारी न्याय प्रशासनलाई सुधार गर्ने क्रममा मुलुकी ऐन, १९१० ले नेपालमा छरिएर रहेका र नेपालको एकीकरण पछि नेपालका विभिन्न अधिराज्य, राज्यहरूमा प्रचलनमा रहेका हिन्दूधर्म शास्त्र, प्रथा, प्रचलन, परम्परा एवं सनद, सवालहरूलाई एकीकरण (Unification) एकिकृत (Unified) एवं संग्रहकृत (Consolidation) गर्ने कार्य गरेको थियो । जुन १९१० मुलुकी ऐनले कानूनको एकीकृत एवं संग्रहकृत गरेका प्रायजसो प्रावधान एवं व्यवस्थाहरू हाम्रो प्रचलनमा रहेको हिन्दू धर्मशास्त्रमा र धर्मशास्त्रले नसमेटेका कुराहरू प्रथा र परम्पराको रूपमा विकसित गरेका हाम्रा परम्परगत (Traditional) र हाम्रै समाजमा विकसित भएका (Indigenous) धारणा र व्यवस्थाहरू समाविष्ट गरिएका थिए ।

मुलुकी ऐन, १९१० बनाउनुपर्ने र त्यस्तो एकीकृत कानूनको आवश्यकताको सम्वन्धमा राणा प्रधानमन्त्री श्री ३ जंगबहादुर राणाको यूरोप भ्रमणको क्रममा बेलायत र फ्रान्सको भ्रमणको क्रममा नेपोलियन कोड बाट प्रभावित भई नेपालमा पनि यस्तै किसिमको कोड बनाउने चाहना बमोजिम निजले मुलुकी ऐन बनाउन “ऐन काउन्सिल” मा आफ्नै भाईभारदाहरू समावेश गरी २२१ जना सदस्यहरु समावेश भएको समिति बनाएका थिए । जसमा फ्रान्सेली संहिताको प्रभाव रहेको भनी लेख्ने गरेको पाइएतापनि वास्तवमा यो एउटा हाम्रो इतिहासमा लामो समयदेखि विद्यमान रहेको भ्रम (Illusion) हो । मुलुकी ऐन, १९१० मा कुनै कानूनी प्रणाली वा कुनै देशमा प्रचलनमा रहेको कानूनको प्रत्यक्ष प्रभाव र अंगिकरण गरिएको छैन।[२]

विशेषतः जंगबहादुर राणाले मुलुकी ऐन, १९१० संग्रहकृत (Consolidation) गर्नु भन्दा पूर्व पनि काजी उजिर सिंहलाई छरिए रहेका नेपाली कानूनलाई संग्रहकृत गर्ने जिम्मा दिइएकोमा निजबाट वि.सं. १८२२ मा संग्रह तयार पारिएको भएतापनि यसले कानूनी रूप लिन पाएको थिएन । उक्त उजूर सिंहको संग्रहमा परेको प्रायशः प्रावधानहरू १९१० को मुलुकी ऐनमा उल्लेख गरिएका छन्।[३]

मुलुकी ऐन, १९१० बनेको १६४ वर्ष पुगी सक्दा पनि यसले सुरुवात गरेका प्रणाली, कानून र सिद्धान्त भन्दा हामी खासै पर जान सकेका छैनौं । २००७ सालको राजनैतिक परिवर्तन पछि कानूनलाई आधुनिकरण (Modernization), प्रजातान्त्रिकरण (Democratization), संहिताकरण (Codification) गर्ने प्रक्रियाहरू शुरु भए तापनि हामी र हाम्रो समाजमा विद्यमान भएका “मुलुकी ऐनको परम्परागत मानसिकता” मा खासै परिवर्तन र सुधार हुन सकेको छैन ।

---

२ रेवती रमण खनाल (२०५९), *नेपालको कानूनी इतिहासको रूपरेखा* (प्रथम संस्करण), काठमाडौं: श्रीमती सरस्वती खनाल, पृ. २९५-३१० ।

३ Dr. Rajit Bhakta Pradhananga (2001), ***Homicide Law in Nepal*** (1st ed.), Kathmandu: Ratna Pustak Bhander.

## २. नेपालमा अपराध संहिताको संहिताकरणका प्रयासहरू(Efforts toward Codification in Nepal)

वास्तवमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ हाम्रो लागि नौलो एवं ऐतिहासिक परिवर्तनकारी दस्तावेज भने पक्कै पनि होइन । यो फौजदारी कानूनको सुधार एवं परिमार्जनको क्रममा हामीले २०१२ सालमा नेपाल दण्ड विधानको नाममा संहिताकरण गर्ने प्रक्रिया (Process of codification) को थालनी गरी त्यस पछि २०३० साल र २०५८ सालमा दुई पटक अपराध संहिताहरु मस्यौदा गरेकोमा प्रस्तावित अपराध संहिता, २०६७ साथै प्रस्तावित अपराध संहिता, २०७१ प्रयास गरेका थियौ, जसको संशोधित प्रतिका रुपमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ लाई पाउन सकिन्छ ।

विशेषतः नेपालमा फौजदारी कानूनको संहिताकरण एवं एकीकरण गर्नुपर्ने आवश्यकता २०१० सालमा, पहिलो नेपाल कानून सुधार आयोगको गठनसंगै भएकोमा, सोही आयोगले नेपाल दण्ड संहिता, २०१२ (Nepal Penal Code, 1955) को नाममा संहिता तयार गऱ्यो जुन तयार गरिएको पहिलो मस्यौदा हो ।[४] नेपाल दण्ड संहिता, २०१२ मा रहे भएका धेरै जसो प्रावधानहरू भारतीय अपराध संहिता, १८६० मा रहे भएका प्रावधानहरूबाट अनुवाद गरी ल्याइएको एवं तत्काल नेपाली फौजदारी कानूनमा प्रचलनमा रहेका केही परम्परागत सिद्धान्तहरूलाई समावेश गरी तयार पारिएको थियो । यो मस्यौदा नेपाल राजपत्रमा सुझाव र छलफलका लागि प्रकाशित गरिएको भएतापनि यो मस्यौदाले कहिले पनि व्यवस्थापिकामा प्रवेश पाएन । फेरि २०२८ सालमा गठन गरेको चौथो कानून सुधार आयोगले २०३० सालमा अपराध संहिता[५] र २०३४[६] सालमा फौजदारी कार्यविधि संहिता गरी दुई बेग्लाबैग्लै संहिताहरूको मस्यौदा तयार गरी राजपत्रमा छलफलका लागि प्रकाशनमा ल्याए । यी संहिताहरूले पनि संसदमा कहिल्यै प्रवेश नै पाएन । तर फौजदारी कानूनको परिमार्जन र सुधारमा यी संहिताहरू लामो समयदेखि नमुना (Model) का रूपमा रहे यी मस्यौदाहरूले व्यवस्था गरेका कतिपय प्रावधानहरूलाई हामी कहाँ पछि बनेका र संशोधन भएका ऐनहरूले समेत यसैलाई आधार बनाएका छन् ।

त्यस्तै २०४६ सालको आन्दोलन र २०४७ सालको संविधान र नेपालले गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदन र नेपाल सदस्य राष्ट्र भएको कारणबाट ती सन्धि सम्झौताहरूबाट सिर्जना गरेका अन्तर्राष्ट्रिय दायित्व निभाउने क्रममा २०५७ सालमा तत्कालीन नेपाल सरकारले पूर्व महान्यायाधिवक्ता बद्री बहादुर कार्कीको संयोजकत्वमा गठित कार्यदल र पछि महान्यायाधिवक्ता कै

[४] Prof. Dr. Rajit Bhakta Pradhananga (2002), "The Nepalese Draft-Penal Codes in Evoluation of Homicide Law in Nepal: A Critical Review", ***Nyayadoot***, English Special Issue 2001, PP. 2-5.

[५] अपराध संहिताको मस्यौदा र प्रतिवेदन, २०३०, काठमाडौँ : श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय ।

[६] अपराध कार्यविधि संहिताको मस्यौदा २०३४, काठमाडौँ : कानून तथा न्याय मन्त्रालय ।

अध्यक्षतामा गठित फौजदारी संहिता कार्यान्वयन समितिते नेपाल सरकारलाई बुझाएको अपराध संहिता, २०५८ र फौजदारी कार्यविधि संहिता, २०५८ फौजदारी कानूनको सुधार एवं परिमार्जनको क्रममा भएका संहिताकरणको तेस्रो प्रयास हो ।[७] यो संहिताकरणको प्रयासले पनि संसदमा प्रवेश गर्न पाएनन् ।

तत्कालिन समयको प्रस्तावित अपराध संहिता, २०६७ नेपाल सरकारद्वारा नेपालको फौजदारी कानूनमा समय सापेक्ष सुधार गरी परिमार्जन गर्ने र अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मस्यौदालाई परिमार्जन गर्ने तथा नेपालको दण्डनीति (Penal policy) र सजाय निर्धारण पद्धति (Sentencing determination system) को सुधारका सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्न नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०६५।८।१८ को निर्णयले सर्वोच्च अदालतका माननीय न्यायधीश कल्याण श्रेष्ठको संयोजकत्वमा गठित फौजदारी कानून सुधार तथा परिमार्जन कार्यदलले[८] तयार पारेको एक महत्वपूर्ण दस्तावेज हो । सो कार्यदल झण्डै १६/१७ महिनाको अनवरत प्रयास तथा विज्ञ, जानकारहरूसंग छलफल र नेपाल भित्र क्षेत्रीयस्तरमा व्यापक छलफल र गोष्ठी आयोजना गरी आएका सुझावहरू समेतलाई समावेश गरी नेपाल सरकारलाई प्रतिवेदन सहित अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर र सजाय (निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७ का मस्यौदाहरू बुझाइएकोमा पहिलो संविधान सभाको अवसान पश्चात दोश्रो संविधान सभामा प्रस्तावित अपराध संहिता,२०७१ नामाकरण गरी पुनः प्रवेश गराईएकोमा तत्कालिन व्यवस्थापिका संसदको विधान समितिले यसको गाम्भिर्यता, महत्व एवं दुरगामी असरलाई मनन गरी मुलुकी ऐनलाई प्रतिस्थापन गरी सामान्य कानुनको रुपमा यस ऐनलाई लागु गर्नुपर्ने भएको हुँदा यसलाई प्रत्येक नेपालीहरुले अपन्नत्व लिन सकोस् भन्ने हेतुले यो संहितालाई नेपालको तत्कालिन पुनरावेदन अदालत मुकाम रहेका सोह्रै वटा स्थानमा सबै कानुनसंग आबद्ध सरोकारवाला न्यायाधीस, कानुन व्यवसायी, मानव अधिकारकर्मी र समाजका अगुवाहरुसंग व्यापक रुपमा छलफल गरी राय सुझावहरु संकलन गरी आएका पृष्ठपोषणलाई समाविष्ट गरी कानुनको रुपमा मूर्तता दिने प्रयास अनुरुप देशको व्यवस्थापिका संसदमा पेश गरिएकोमा मिति २०७४।०४।२५ गते सर्वसहमतीबाट पास भई नेपालको कानुनी क्षेत्रमा ऐतिहासिक छलाङ्ग मार्दै मुलुकी अपराध (संहिता) ऐन, २०७४ यही मिति २०७५।०५।०१ गतेका दिनबाट लागु हुदैछ ।

संहिताकरणको प्रक्रिया त्यति सजिलै टुगिदैन । संसारका थुप्रै विकसित मुलुकहरू बेलायत[९], क्यानाडा[१०], न्यूजिलाण्ड[११] आदि मुलुकहरूमा फौजदारी कानूनको संहिताकरण गर्नुपर्ने महसूस गरी

---

७ अपराध संहिता तथा फौजदारी-कार्यविधि संहिता र प्रतिवेदन, २०५९, काठमाडौं, अपराध संहिता कार्यान्वयन समिति ।

८ अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर र सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदा तथा प्रतिवेदन, २०६७, काठमाडौं, नेपाल सरकार, कानून तथा न्याय मन्त्रालय, पृ. २ ।

९ The Draft Criminal Code of England and Wells 1979.

संहिताहरूको मस्यौदा तयार भई संसदमा प्रवेश गरेका छन् । तर तिनीहरूले कानूनी रूप लिन सकेका छैनन् । संसारका प्राय सबै कानूनी प्रणालीले फौजदारी कसूरको संहिताकरण हुनुपर्ने महसुस गरी संहिताकरण गर्ने प्रक्रिया थालनी गरिसकेको भए तापनि तिनीहरूले ऐनको रूप लिन सकेको छैन । यसको लामो र  जटिल प्राविधिक पक्षहरूले गर्दा सरल एवं सहज रूपमा ऐन बन्न सक्तैन । तथापि प्रस्तावित अपराध संहिता, २०७१ व्यवस्थापिका संसदमा पेश गरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ पारित हुनु हाम्रोलागि सुखद कुरा हो । कानूनी राज स्थापना, राज्य र समाजको स्थिरता कायम गर्ने दृष्टिकोणबाट संविधान जस्तै अति आवश्यक र महत्वपूर्ण दस्तावेजका रुपमा अपराध संहिता रहेको भन्ने कुरामा दुविधा हुन सक्दैन ।

**नेपालमा अपराध संहिताको संहिताकरणका प्रयासहरू**

| प्रयासको नाम | निकाय/कार्यदल | संयोजक/अध्यक्ष | संहिताको नाम | जम्मा दफा |
|---|---|---|---|---|
| **पहिलो प्रयास** | पहिलो कानून सुधार आयोग २०१० सालमा गठन | ❖ काजी माणिक राज भण्डारी | नेपाल दण्ड संहिता, २०१२ | दफा ३७७ |
| **दोस्रो प्रयास** | चौथो कानून सुधार आयोग | ❖ अध्यक्ष- नयन बहादुर खत्री | अपराध संहिता, २०३० | दफा २५७ |
| **तेस्रो प्रयास** | फौजदारी कानून परिमार्जन तथा सुधार कार्यदल | ❖ संयोजक पूर्व महान्यायाधिवक्ता बद्री बहादुर कार्की | अपराध संहिता, २०५८ | दफा २९९ |
| **चौथो प्रयास** | फौजदारी कानून परिमार्जन तथा सुधार कार्यदल | ❖ संयोजक माननीय कल्याण श्रेष्ठ | अपराध संहिता, २०६७ | दफा ३१० |
| **व्यवस्थापिका संसद बाट पारित** २०७४।०४।२५ | राष्ट्रपतिबाट प्रमाणिकरण २०७४।०६।३० | ❖ लागु हुने मिति २०७५।०५।०१ | मुलुकी अपराध ( संहिता) ऐन, २०७४ | दफा ३०८ |
| | ❖ नोटः संसदमा **मुलुकी संहिता सम्वन्धी केही नेपाल ऐनलाई संसोधन गर्ने ऐन, २०७५ नामक विधेयक पेश भएको ।** | | | |

तालिका १

## ३. मुलुकी अपराध (संहिता) ऐन, २०७४ का मुलभूत विशेषताहरु

नागरिकलाई निर्बाध एवं स्वतन्त्रतापूर्वक जीवनयापनको निमित्त शान्ति सुरक्षाको प्रत्याभूति अपरिहार्य हुन्छ । भरपर्दो विश्वासिलो फौजदारी न्यायप्रशासन नभई दण्डहिनताको अन्त्य नहुने हुँदा कानूनी शासनको (Rule of Law) तात्पर्यका साथै लोकतन्त्रको सुदृढीकरणको लागि सबल,

[१०] The Draft Criminal Code of Canada, 1990.
[११] The Draft Criminal Code of Newzealand, 1991.

सक्षम न्याय प्रशासन पूर्वशर्त मानिन्छ । हाम्रो विद्यमान फौजदारी न्याय प्रशासन र कानूनी व्यवस्था समय सापेक्ष नभई आधुनिकरण गर्नुपर्ने माग भई रहेको विश्वव्यापीकरणको यो काल खण्डमा समय सापेक्ष अन्तर्राष्ट्रिय मान्यता र अभ्यास अनुरुप कानूनी व्यवस्थाको पुनरलेखन र सवलीकरण गर्ने क्रममा नेपालले विद्यमान फौजदारी कानूनको संहिताकरण र परिमार्जन गर्ने प्रयास गरेको हो भन्दा खासै फरक पर्दैन । तसर्थ पनि राज्यमा कानूनको शासन र दण्डहिनताको अन्त्य गर्ने ठूलो संयन्त्र र औजारको रूपमा रहेको यो दस्तावेजलाई कडाईका साथ संस्थागत रूप प्रदान गरी कार्यान्वयन गर्नुपर्छ । यसले नै नेपालको शान्ति, विकास र परिवर्तनका सबै सम्भावनाका ढोकाहरू खुला हुने गर्दछन् ।

उल्लेखित पृष्ठभुमि उल्लेख गरी रहदाँ  आगामी २०७५।०५।०१ बाट लागु हुने मुलुकी फौजदारी कानुन के कस्तो रहेको छ ? यस्ले के कस्ता मान्यता एवं सिद्धान्तलाई आत्मसाथ गरेको छ भनी हेर्नु पूर्व यस लागु हुने मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा रहेका मूलभूत विशेषताहरु के के रहेका छन् भनी हेर्नु मनासिव हुन जान्छ । उल्लेखित सर्न्दभमा यस ऐनका मुख्य विशेषताहरु देहाय बमोजिमका रहेका छन् ।

❖ हाम्रो आजको आवश्यकता अनुसारको फौजदारी कानून,
❖ सामान्य कानून, विशेष प्रकृतिका अपराधलाई विशेष ऐन बनाउन सक्ने र लागू हुने,
❖ फौजदारी न्याय प्रशासन सम्बन्धी सामान्य सिद्धान्तहरु सामान्यतया अन्य कानून अन्तर्गतका कसूरका सम्बन्धमा समेत लागू हुने,
❖ मौजुदा फौजदारी कानूनमा प्रचलनमा रहेका उपयुक्त सिद्धान्त, धारणा र मान्यताहरु यथावत रहेका र राखिएको,
❖ केही नयाँ मान्यता र सिद्धान्तहरुलाई समावेश,
❖ फौजदारी न्याय प्रशासनमा विकसित अन्तराष्ट्रिय मापदण्ड र प्रावधानहरुलाई समाहित गरिएका फौजदारी न्यायका सिद्धान्तहरु,
❖ सजाय निर्धारण र कार्यान्वयन गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था र छुट्टै ऐनको तर्जुमा - यो दक्षिण एशियामा नै पहिलो प्रयास समेत हो,
❖ परम्परागत धारणाबाट आधुनिकरण तर्फ उन्मुख,
❖ संग्रहबाट संहिताकरण तर्फ उन्मुख,
❖ अन्तर्राष्ट्रिय मान्यता र स्तरलाई राष्ट्रिय कानूनमा समाहित,
❖ फौजदारी कसूर र सामान्य प्रतिरक्षामा स्पष्टता एवं वैज्ञानिकता,
❖ फौजदारी कानूनलाई सुस्पष्टता, सामान्य र वोधगम्य बनाउने प्रयास,
❖ फौजदारी कानूनलाई वैज्ञानिकरण तथा सिलसिलाबद्ध बनाउने प्रयास,

- ❖ निषेधित पद्धति (Preventive Approach) बाट परिभाषित पद्धति (Definitive Approach) तर्फ उन्मुख,
- ❖ धारणागत रुपमा सुस्पस्तता एवं आधुनिक सिद्धान्तहरुमा आधारित,
- ❖ संवैधानिकताको सिद्धान्तमा आधारित,
- ❖ वहिक्षेत्रिय प्रयोग,
- ❖ क्षतिपूर्ति र अन्तरिम राहतको व्यवस्था,
- ❖ वदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नमा रोक,
- ❖ सानोतिनो कसूर अपराधमा सामुदायिक सेवामा पठाउन सक्ने व्यवस्था,
- ❖ सुधार गृह र पुनस्थापना केन्द्रमा पठाउने व्यवस्था,
- ❖ खुल्ला कारागारको व्यवस्था,
- ❖ सप्ताहको अन्तिम दिन वा रात्रीकालिन समयमा मात्र कारागार बस्ने व्यवस्था,
- ❖ प्यारोल र प्रोवेशनको व्यवस्था,

## ४. मुलुकी अपराध (संहिता) ऐन, २०७४ को संरचना र तिनको मूलभूत प्रावधानहरु

मुलुकी अपराध (संहिता) ऐन, २०७४ साविकका अपराध संहिताहरु, २०१२, २०३० र २०५८ हरुले गरेको विभाजन गरेका संरचना (दुई भागमा) भन्दा भिन्न रुपले यस संहितालाइ ३ भागमा विभक्त गरेको छ । र सजाय निर्धारण र कार्यान्वयनको लागि छुट्टै ऐनको व्यवस्था गरेको छ । मुलुकी अपराध संहितामा भएको मुलुभुत संरचना देहाय बमोजिमको रहेको छ ।

### भाग-१

### सामान्य प्रावधानहरु (General Provisions)

**परिच्छेद १:प्रारम्भिक**

- प्रारम्भ
- बहिक्षेत्रीय प्रयोग
- परिभाषा
- सामान्य कानून (दफा ४)
- विशेष ऐनमा भएका व्यवस्थाहरु लागु हुने (दफा ५)

**परिच्छेद २ः फौजदारी न्यायका सामान्य सिद्धान्तहरुः**

- ✓ फौजदारी न्यायका मूलभूत सिद्धान्तहरु

- ✓ सामान्य प्रतिरक्षा अन्तर्गत आउने धारणाहरु
- ✓ वाल वालिकाको आपराधिक दायित्व
- ✓ निरपेक्ष दायित्व, संयुक्त दायित्व
- ✓ संगठित संस्थाबाट भएको कसूरमा आपराधिक दायित्व

**परिच्छेद ३ः आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन र मतियार**

**परिच्छेद ४ः कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थाहरु**

**परिच्छेद ५ः सजाय र अन्तरीम क्षतिपूर्ति सम्वन्धी व्यवस्था**

## भाग २ः
## फौजदारी कसूरहरु (Criminal Offences)

**परिच्छेद - १ : राज्य विरुद्धका कसूर**
**परिच्छेद - २ : सार्वजनिक शान्ति विरुद्धको कसूर,**

**परिच्छेद - ३ : सार्वजनिक अधिकारीको अख्तियारीको अवहेलना सम्बन्धी कसूर,**

**परिच्छेद - ४ : सार्वजनिक न्याय विरुद्धका कसूर,**

**परिच्छेद - ५ : सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर,**

**परिच्छेद - ६ : हातहतियार तथा खरखजाना सम्बन्धी कसूर,**

**परिच्छेद - ७ : विष्फोटक पदार्थ सम्बन्धी कसूर,**

**परिच्छेद - ८ : राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धका कसूर,**

**परिच्छेद - ९ : धर्म सम्बन्धी कसूर,**

**परिच्छेद - १० : भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर,**

**परिच्छेद - ११ : विवाह सम्बन्धी कसूर,**

**परिच्छेद - १२ : ज्यान सम्बन्धी कसूर,**

**परिच्छेद - १३ : गर्भ संरक्षण विरुद्धको कसूर,**

**परिच्छेद - १४ : कुटपिट सम्बन्धी कसूर,**

परिच्छेद - १५ : गैरकानूनी थुना सम्बन्धी कसूर,

परिच्छेद - १६ : व्यक्ति बेपत्ता पार्ने सम्बन्धी कसूर,

परिच्छेद - १७ : अपहरण वा शरीर वन्धक सम्वन्धी कसूर,

परिच्छेद - १८ : करणी सम्बन्धी कसूर,

परिच्छेद - १९ : इलाज सम्बन्धी कसूर,

परिच्छेद - २० : चोरी तथा डाँका सम्बन्धी कसूर,

परिच्छेद - २१ : ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ सम्बन्धी कसूर

परिच्छेद - २२ : मुद्रा सम्बन्धी कसूर

परिच्छेद - २३ : टिकट सम्बन्धी कसूर,

परिच्छेद - २४ : नापतौल सम्बन्धी कसूर,

परिच्छेद - २५ : लिखत सम्बन्धी कसूर ,

परिच्छेद - २६ : आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी कसूर,

परिच्छेद - २७ : चौपाया सम्बन्धी कसूर

## भाग ३:
## वैयक्तिक गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसूर

परिच्छेद - १ : गोपनीयता विरुद्धका कसूर

परिच्छेद - २ : गाली बेइज्जती सम्बन्धी कसूर

## ५. मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा भएका फौजदारी न्यायका सिद्धान्तहरु

**नेपाली** फौजदारी न्याय प्रशासन प्रणालीलाई समय सापेक्ष बनाउनका निमित्त फौजदारी कानुनका क्षेत्रमा विकसित भएका नयाँ नयाँ मान्यता एवं सिद्धान्तहरुलाई पहिलो पटक मुलुकी अपराध ( संहिता) ऐन, २०७४ ले  फौजदारी न्यायका सामान्य सिद्धान्त भनी नामाकरण गरी अव उप्रान्तका फौजदारी मुद्धामा लागु हुने भनी स्पष्ट व्यवस्था गरेको छ । जस अर्न्तगत नेपालमा विकसित एवं अन्तराष्ट्रिय फौजदारी कानुनले मान्यता प्रदान गरेका फौजदारी न्यायका सिद्धान्तहरुलाई समाहित गरिएका छन् । जसलाई मोटामोटी ३ भागमा विभाजन गर्न सकिन्छ ।

**क) फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरु** [१२]

**ख) प्रतिरक्षा संग आवद्ध सिद्धान्तहरु**[१३] **र**




**ग) अन्य सिद्धान्तहरु**[१४]

---

[१२] मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ६,७,९, १०, ११ र १२

[१३] मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ८, १३,१४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३,  २४, २५, २६, २७ र २८

[१४] मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा, २९,३०, ३१ र ३२

# फौजदारी न्यायका सामान्य सिद्धान्तहरु
# General Principle of Criminal Law

## फौजदारी न्यायका सिद्धान्तहरु
## Principles relating to Criminal Law

- ६. कानून बमोजिमको काम कसूर नहुने
- ७. कानून बमोजिम बाहेक सजाय नहुने
- ९. एउटै कसूरमा दोहोरो सजाय नहुने
- १० स्वच्छ सुनुवाईबाट वञ्चित नहुने
- ११. आफ्नो बिरुद्ध साक्षी हुन कर नलाग्ने
- १२. कसूर प्रमाणित नभए सम्म कसूरदार नमानिने

## सामान्य प्रतिरक्षा संग आवद्ध सिद्धान्तहरु
## Principles relating to General Defence

- ८. तथ्यको भ्रममा परी गरेको काम कसूर नहुने
- १३. बालबालिकाले गरेको काम कसूर नहुने
- १४. होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिने
- १५. मञ्जुरी लिई गरेको काम कसूर नहुने
- १६. भलाईका लागि मञ्जुरी लिई गरेको काम कसूर नहुने
- १७. भलाईका लागि संरक्षकको मञ्जुरी लिई गरेको काम कसूर नहुने
- १८. भलाईका लागि मञ्जुरी नलिई गरेको काम कसूर नहुने
- १९. मञ्जुरी लिएर गरेको भए पनि कसूर मानिने
- २० मञ्जुरी
- २१. असल नियतले दिएको जानकारीबाट क्षति पुगेमा कसूर नहुने :
- २२. डर त्रासमा परी गरेको काम कसूर नहुने
- २३. अन्य हानि, नोक्सानीबाट बचाउन असल नियतले गरेको काम कसूर नहुने :
- २४ निजी रक्षाको लागि गरेको काम कसूर नमानिने :
- २५. निजी रक्षाको अधिकारमा बन्देज
- २६. ज्यान लिने अधिकार नहुने
- २७. मामुली हानि, नोक्सानी भएकोमा कसूर नहुने :
- २८. बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने

## अन्य सिद्धान्तहरु
## Other Principles

- २९. निरपेक्ष दायित्व (स्ट्रीक्ट लायविलिटि) हुने कसूरमा आपराधिक मनसाय परीक्षण नहुने
- ३०. सङ्गठित संस्थाबाट भएको कसूरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने
- ३१. समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने :
- ३२. अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुन

## ६. उपसंहार

विगतमा गरिएको अथक प्रयाश पश्चात मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले नेपाली फौजदारी कानुनको विकासमा एउटा छलाङ्ग मार्न सफल भई रहेको छ । जुन ऐन, खोजेको छ र यसले आज सम्म मान्दै आएका थुप्रै परम्परागत धारणा हरुलाई प्रतिस्थापन गरी आधुनिक फौजदारी विधिशास्त्रले अंगिकार गरेका धारणागत पक्षहरु एवं सिद्धान्तहरुलाई समाहित हुने गरी यसको संरचना भएको छ । यसले आधुननिक फौजदारी कानूनले अंगिकार गरेको पहिला अपराधिकरण (Criminalization) र त्यसको नामाकरण पछि त्यस्तो फौजदारी कसुर अपराधमा उचित दण्ड सजायको व्यवस्था (Penalization) गरिएको छ ।

वर्तमान समयको आवश्यकता अनुसारको फौजदारी कानून, सामान्य कानुनको रुपमा रहेको छ जसले, फौजदारी न्याय प्रशासन सम्बन्धी सामान्य सिद्धान्तहरु सामान्यतया अन्य कानून अन्तर्गतका कसूरका सम्बन्धमा समेत लागू हुने गरी समेटनुका साथै केही नयाँ मान्यता र सिद्धान्तहरुलाई समावेश, गरेको छ । जसले वतर्मान कानुन प्रणालीलाई परम्परागत धारणाबाट आधुनिकरण तर्फ उन्मुख, संग्रहबाट संहिताकरण तर्फ उन्मुख,अन्तर्राष्ट्रिय मान्यता र स्तरलाई राष्ट्रिय कानूनमा समाहित, गर्नुका साथै फौजदारी कानूनलाई सुस्पष्टता, सामान्य र वोधगम्य बनाउने, वैज्ञानिकरण तथा सिलसिलाबद्ध बनाउने प्रयास गरेको छ मूलभूत रुपमा संवैधानिकताको सिद्धान्तमा आधारित, वहिक्षेत्रिय प्रयोग, क्षतिपूर्ति र अन्तरिम राहतको व्यवस्था,वदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नमा रोक, सानोतिनो कसूर अपराधमा सामुदायिक सेवामा पठाउन सक्ने व्यवस्था, सुधार गृह र पुनस्थापना केन्द्रमा पठाउने व्यवस्था, खुल्ला कारागारको व्यवस्था इत्यादी यसका मूलभूत विशेषता हुन ।

मुलुकी अपराध संहिताको सन्दर्भमा यस भन्दा पूर्व भएका अभ्यासका रुपमा रहेका अपराध संहिताहरु, २०१२, २०३०, २०५८ हरु भन्दा फरक ३ भागमा विभक्त गरेको छ ।जहाँ भाग - १: सामान्य प्रावधानहरु *(५ परिच्छेदहरु)* , भाग - २: फौजदारी कसूरहरु *(२७ परिच्छेदहरु),* भाग - ३: वैयक्तिक गोपनीयता तथा प्रतिष्ठा विरुद्धको, कसूर *(२ परिच्छेदहरु) गरी जम्मा* ३४ परिच्छेद र ३०८ दफाहरु समाविष्ट गरिएका छन् ।

प्रस्तुत मुलुकी अपराध संहिताले पहिलो पटक लिपिवद्धरुमा ऐनको रुपमा फौजदारी कानुनको प्रयोग गर्दा अवलम्वन गर्नु पर्ने सिद्धान्तलाई आत्मसाथ गरेको छ । जहाँ ) फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरु को रुपमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ६ देखि १४ र दफा २८ सम्म सामान्य प्रतिरक्षामा लागु हुने सिद्धान्तहरु ऐ ऐनको दफा १५ देखि २७ र अपराध पीडितको हक संग आवद्ध सिद्धान्त दफा ३२मा व्यवस्था गरेको छ ।

देशमा आएको परिवर्तन र जनमानसको चाहना अनुरुप सवैको अपनत्वहोस भन्ने अभिप्रायले यो ऐन जारी भई लागु हुनु पूर्व नै मुलुकी संहिता सम्वन्धी केही नेपाल ऐनलाई संसोधन गर्ने ऐन,

२०७५ नामक विधेयक पेश गरिनुले पनि यो ऐनको सहज कार्यान्वयनमा मद्यत पुग्नेमा सम्पूर्ण सरोकारवाला पक्षहरु विश्वस्त रहेको महशुस गर्न सकिन्छ । यती हुदाँ हुदैं पनि यसमा अझ पनि केही कमी कमजोरीहरु रहेको छ । केही कमी कमजोरीलाई हाल संसदमा विचाराधिन रहेको मुलुकी संहिता सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ ले परिमार्जन र थप गर्न खोजेको छ तर यसले यो संहितामा रहे भएका सैधान्तिक र धारणागत कमी कमजोरीहरुलाई समेटन सकेको छैन । नवजात शिशु हत्या लाई मनसाय प्रतिर हत्यामा हुने सजाय हुने भनी व्यवस्था गरेको छ र साविकको मुलुकी ऐन, २०२० मा भएको अ.वं. १८८ प्रयोग हुने वा साधक जाँच हुने मुद्धाहरु संग आवद्ध रहेको मुद्धामा अभियुक्त सावित भएमा मात्र साविकको मुलुकी ऐन, को अ.वं. १८८ नं. को जस्तै गरी प्रयोग गर्न सक्ने गरी फौजदारी कसुरमा सजाय निर्धारण, कार्यानवयन ऐन, २०७४ को दफा १७ क मा व्यवस्था गर्न खोजेको छ । त्यस भन्दा बाहेकको सजाय न्यूनिकरणको परिस्थिति र अवस्थाहरुको हकमा के हुने भन्ने कुरा कानुनमा मौन रहेको छ ।